नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल, काठमाण्डौ,

फोन: ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-२७

## Press Release-27

### "वैदेशिक रोजगारीको लागी कुवेत पठाउने प्रलोभन देखाई नेपाली महिलालाई ओमानमा लगी बेचबिखन गर्ने व्यक्ति पक्राउ"

परिवर्तित नाम २६ बबरमहल (२५८) लाई प्रतिवादी प्रकाश सिंह बुढाथोकीले फ्रि भिसा र टिकटमा कुवेतमा लगी मासिक ११० कुवेती दिनार तलब हुने गरी घरायसी काममा लगाई दिने प्रलोभन देखाई मिति २०७९ फाल्गुण १७ गते ( सन् 1 March 2023) त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल काठमाण्डौबाट संयुक्त अरब ईमिरेट्सको दुवई पुर्‍याई भाडामा लिईएको फ्ल्याटमा १ महिना सम्म बन्धक बनाई त्याँहाबाट ओमनमा रहेको एजेन्ट कार्यालय मार्फत ओमानी नागरिकको घरमा लगी शारीरिक तथा मानसिक यातना दिई दैनिक १८ घण्टा देखि २० घण्टा सम्म विना पारिश्रमिक काममा लगाई श्रम शोषण गरीएको भन्ने सूचना यस ब्युरोमा प्राप्त हुन आएकोले यस ब्युरोबाट सम्बन्धित निकायहरुको समन्वय तथा सहकार्यमा जाहेरवाला २६ बबरमहल (२५८) लाई मिति २०८० साल फागुन १ गते ( सन् 13 February 2024) ओमानबाट उद्धार गरी नेपाल फिर्ता ल्याए पश्चात दर्ता हुन आएको मानव बेचबिखन तथा ओसारपसार मुद्दामा संलग्न रही फरार रहेका प्रतिवादी प्रकाश सिंह बुढाथोकीलाई यस ब्युरोबाट खटिएको प्रहरी टोलिले मिति २०८०।११।१० गते जिल्ला काठमाण्डौ टोखा नगरपालिका वडा नं.३ बाट पक्राउ गरी मानव वेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट मिति २०८०।११।११ गते ५(पाँच) दिनको म्यादथप अनुमती लिई आवश्यक अनुसन्धान कार्य भई रहेको।

**पक्राउ अभियुक्तको विवरण :-**

नाम:- प्रकाश सिंह बुढाथोकी

उमेर:-६५ वर्ष

स्थायी वतन:-जिल्ला वाँके नेपालगञ्ज उप-महानगरपालिका वडा नं.५ सूर्जी गाँउ स्थायी वतन भई हाल जिल्ला काठमाण्डौ टोखा नगरपालिका वडा नं.३ ।

**पक्राउ परेका अभियुक्तको फोटो:-**



## प्रारम्भिक अनुसन्धानका क्रममा खुलेको थप बिबरण:

- जाहेरवालालाई विदेश लैजाने क्रममा प्रतिवादी प्रकाश सिंह बुढाथोकीले नै जाहेरवालाको मेडिकल गराउने,दुवई सम्मको भिजिट भिसा र हवाई टिकट बनाउने कार्य गरेको खुल्न आएको ।
- संयुक्त अरब ईमिरेट्स दुवई हुदै जाहेरवालालाई ओमान लैजादा भिजिट भिसाको दुरुपयोग गरिएको खुल्न आएको।
- यस मुद्दाको पीडित जाहेरवाला लगाएतका अन्य नेपाली महिलाहरुलाई समेत प्रतिवादी प्रकाश सिंह बुढाथोकीले कुवेत लैजाने प्रलोभन देखाई दुवई हुदै ओमान पठाएको खुल्न आएको।
- पिडीत जाहेरवालालाई कुवेत लैजाने भनि दुबईमा पुऱ्याईए पश्चात राहदानी र मोबाईल नियन्त्रणमा लिई १ महिना सम्म बन्धक बनाई पुन: ओमानमा पुऱ्याई १४०० रियालमा बिक्री गरेको खुल्न आएको ।
- जाहेरवालालाई विभिन्न ओमानी नागरिकको घरमा काममा पठाउने र उक्त घरहरुमा दैनिक १८/२० घण्टा काममा लगाई पारिश्रमीक समेत नदिई श्रम शोषण समेत गरिएको खुल्न आएको।
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास गर्ने तथा निज प्रतिवादीहरुबाट अन्य नेपाली महिलाहरु समेत बेचबिखनमा परेको हुन सक्ने देखिएकोले सो सम्बन्धमा समेत आवश्यक अनुसन्धान भई रहेको ।

**सूचना अधिकारी**
**(ज्ञानेन्द्र प्रसाद फुयाल)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर: ९८५१२९२२०२**

**मिति: २०८०/११/११ गते।**
**ने.स.११४४ सिल्लाथ्व, १४ शुक्रवार।**